# कृषि विकास बैंक लि.
## जनशक्ति व्यवस्थापन विभाग
## मुख्य कार्यालय, काठमाण्डौं

## करार सेवामा सुरक्षा अधिकृत पदको लागि दरखास्त आव्हान सम्बन्धी सूचना
**सूचना प्रकाशन मिति : २०८१/०९/२२ गते**

यस बैंकका लागि आवश्यक निम्न पदमा खुला प्रतिस्पर्धाद्वारा करारमा पूर्ति गर्नुपर्ने भएकोले देहायमा उल्लेख भए अनुसार योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आफूले प्राप्त गरेको नागरिकता एवं एस.एल.सी. वा सो सरह र सोभन्दा माथिको शैक्षिक योग्यता, अनुभव र तालिम सम्बन्धी सम्पूर्ण प्रमाणपत्रहरुको प्रतिलिपि सहित १ प्रति बायोडाटा एवं सोलाई पुष्टि गर्ने कागजातहरु यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस बैंकको https://vacancy.adbl.gov.np बाट Online मार्फत रीतपूर्वक आवेदन गर्न यो सूचना प्रकाशित गरिएको छ । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला उम्मेदवार स्वयं हुनुपर्नेछ । रीत नपुगी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**१) विज्ञापन नं.** : करार ०१/२०८१-८२
**२) पद** : सुरक्षा अधिकृत (तह-९, वरिष्ठ शाखा प्रमुख सरह)
**३) पद संख्या** : १ (एक)
**४) न्यूनतम योग्यता** :
- (क) नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी (प्राविधिक बाहेक) को राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको पदबाट कुनै बात कसुर नलागी/सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरी छाडेको वा निबृत्तिभरणमा अवकाश भएको ।
- (ख) उमेर ३५ बर्ष पुरा गरी ५८ बर्ष ननाघेको ।
- (ग) शारीरिक एवं मानसिक रुपमा स्वस्थ रहेको ।
- (घ) न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त विश्वविद्यालयवाट स्नातक तह वा सो सरहको परीक्षा उर्तिण भएको ।

**५) छनौट प्रक्रिया** : प्रारम्भिक छनौट (Shortlisting), प्रस्तुतिकरण एवं अन्तर्वार्ता ।
**६) तलब तथा सुविधा** : बैंकले तोके बमोजिम ।
**७) आवेदन दस्तुर** : आवेदकले Online मार्फत दरखास्त फाराम भरी आवेदन गरेपछि आवेदन दस्तुर वापतको रकम रु. १,०००।- (अक्षरेपि एक हजार मात्र) ADBL Mobile Banking वा Connect IPS वा E-Sewa वा Khalti Digital Wallet बाट अनलाइन मार्फत नै भुक्तानी गर्नु पर्नेछ । रीत नपुगी अस्वीकृत भएका आवेदकहरुको आवेदन दस्तुर फिर्ता हुनेछैन ।
**८) दरखास्त बुझाउने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०८१/१०/०७ गते राती १२:०० बजे भित्र)
**९) प्रस्तुतिकरण एवं अन्तर्वार्ता मिति :** Shortlist भएका उम्मेदवारहरुलाई बैंकको Website/ADBL Alert मार्फत जानकारी गराईनेछ । प्रस्तुतिकरणको बिषय Shortlist भएका उम्मेदवारहरुलाई पछि जानकारी गराईनेछ ।

**<u>पुनश्चः</u>**

क) प्राप्त दरखास्तहरु आंशिक वा पूर्ण रुपले कुनै सूचना दिई वा नदिई रद्ध गर्न सकिनेछ । रितपूर्वक निवेदन पर्न आएका उम्मेदवारहरुमध्ये शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको कार्य अनुभव, आवेदकले प्राप्त गरेको तालिम र विगतमा वहन गरेको जिम्मेवारीको आधारमा उच्च अंक प्राप्त गरेका आवेदकहरुमध्ये बढीमा ५ जनासम्मलाई Shortlist गरी प्रस्तुतिकरण र अन्तर्वार्ताका लागि सामेल गराइनेछ । Shortlisting का आधारहरु बैंकको वेवसाईटमा प्रकाशन गरिनेछ ।

ख) अनलाइन दरखास्त आवेदन गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभागको फोन नं. ०१-५७२११२९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

सदस्य सचिव
छनौट समिति